श्री ५ को सरकार

## वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यबाट निकासी गर्न स्वीकृति दिएमा-बाहेक पूर्ण बन्देज लगाइएका वस्तुहरू, परिमाणात्मक बन्देज लगाइएका वस्तुहरू र निकासी गर्न खुल्ला रूपमा दिइने वस्तुहरू देहाय अनुसार तोकी आजैका मितिदेखि नियन्त्रण गरेकोले यो आदेश जारी गरिएको छ ।

१. स्वीकृति दिएमाबाहेक निकासीमा पूर्ण बन्देज लगाइएका वस्तुहरू :

(अ) सबै देशहरूमा निकासी हुनेमा :

(क) पुरातात्विक तथा धार्मिक महत्त्वका वस्तुहरू :

(१) विदेशी तथा स्वदेशी पुरातात्विक महत्त्वका सिक्काहरू ।

(२) देव-देवताको मूर्ति, ताडपत्र, भुजापत्र ।

(३) ऐतिहासिक महत्त्वका पौवाहा ।

(ख) मूल्यवान धातु तथा जवाहरात (भारी, झिटी, गुन्टा नियममा परेका बाहेक)

(१) सुन, चाँदी, सुन चाँदीका सिक्काहरू र सुन चाँदी जडाउ गहनाहरू

(२) हीरा जवाहरात र हीरा जवाहरात जडाउ गहनाहरू ।

(ग) वन्य जन्तु संरक्षणसम्बन्धी वस्तुहरू :

(१) जंगली जीवजन्तु, (अर्ना, बाँदर, पण्डा, कोकर्पा, हाग्रे, रातो बिरालो, गैंडा, कस्तुरी मृग आदि) ।

(२) जंगली जीवजन्तुको पित्तलगायत तिनको शरीरको कुनै पनि अंग भाग ।

(३) कस्तुरी ।

(४) सर्पको छाला, छेपारोको छाला ।

(घ) मादक पदार्थहरू :

गाँजा, अफिम, चरेस (सिगल कन्भेन्शन अन नरकोटिक्स, १९६१ मा परिभाषा गरिएबमोजिम) ।

१३८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) औद्योगिक महत्त्वका वस्तुहरू :

(१) विष्फोटक पदार्थ र ऐ. लाई चाहिने फ्यूज वा फ्यूजका लागि बनाइएका सामानहरू ।

(२) जंगी खरखजाना तयारीको लागि चाहिने केमिकलहरू ।

(च) औद्योगिक कच्चा पदार्थहरू :

(१) काँचो छाला (ड्राइड साल्टेडसमेत) ।

(२) कच्चा ऊन ।

(३) सवाई घाँस ।

(४) तामा, पित्तल, काँस, ढलोट, फलाम आदि धातुका पत्रहरू ।

(५) राइस ब्रान (तेल निस्कने भूस) ।

(छ) अन्य वस्तुहरू :

(१) ममिरा ।

(२) कोकाकोला ।

(३) गोलिया र चिरान काठ ।

(आ) भारतमा मात्र निकासी हुनेमा:

भारतबाहेक अन्य देशहरूबाट पैठारी भएका सबै वस्तुहरू (भारी, झिटी, गुन्टा, नियमले लैजान पाउनेबाहेक) ।

२. निकासीमा परिमाणात्मक बन्देजअन्तर्गत परेका वस्तुहरू :

(१) चामल

(२) मकै

(३) गहूँ

(४) रहरको दाल

(५) चनाको दाल

(६) मुसुरोको दाल

(७) मासको दाल

(८) तोरी

(९) सरसौं

(१०) रायो

(११) औद्योगिक कच्चा पदार्थ (समय समयमा वाणिज्य विभागबाट सूचना प्रकाशित गरी तोके अनुसार हुनेछ) ।

९८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।